# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०२।०७ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, पर्वत र कटुवाचौपारी गुणस्तरीय खानेपानी तथा सरसफाइ उपभोक्ता समितिबीच सम्झौता भै उल्लिखित उपभोक्ता समितिले कटुवाचौपारी गुणस्तरीय खानेपानी तथा सरसफाई योजनाको प्रशोधनशाला अन्तर्गत Slow Sand Filter समेतको निर्माण कार्य गरेकोमा मिति २०७०।०३।३१ मा योजना सम्पन्न भएको भनी उपभोक्ता समितिलाई हस्तान्तरण गरेता पनि पानी शुद्धीकरणको लागि प्रयोग गर्नुपर्ने बालुवा स्वीकृत ल.ई अनुसार नभएको हुँदा छानवीन गरी कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका तत्कालीन ईन्जिनियर प्रेम बहादुर थापा र सि.डि.इ अमोध धितालले कटुवाचौपारी गुणस्तरीय खानेपानी तथा सरसफाइ योजनाको प्रशोधनशाला अन्तर्गत Slow Sand Filter समेतको निर्माण कार्य गर्दा वास्तविक भएको भन्दा बढी काम भएको देखाई झुट्टा विल भरपाई समेत बनाई पेश गरी भुक्तानी लिने दिने कार्य गरी आफूहरूलाई गैरकानूनी लाभ पुऱ्याइ नेपाल सरकारलाई गैरकानूनी हानिनोक्सानी पुऱ्याउने कार्य गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसुर गरेको स-प्रमाण पुष्टि भएको देखिंदा निजहरू तत्कालीन इन्जिनियर प्रेम बहादुर थापा र तत्कालीन सि.डि.ई अमोध धिताललाई बिगो रू.५,२०,९८१।६० (पाँच लाख बीस हजार नौ सय एकासी रूपैयाँ साठी पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन, साथै कटुवाचौपारी गुणस्तरीय खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष नारायण शर्मा लामिछाने, सचिव सुरेश बहादुर पी.सी. र कोषाध्यक्ष दिवाकर शर्मा लामिछानेले सम्पन्न नभएको खानेपानी योजना सम्पन्न भएको भनी हस्तान्तरण समेत गरी/गराई उपभोक्तालाई पानी प्रशोधन नगरी पानी वितरण गरेको,खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयबाट बढी रकम भुक्तानी लिई रकम झिकी हिनामिना, हानिनोक्सानी, दुरूपयोग गरी निजी प्रयोगमा लगाएकोले निजहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा(४) बमोजिमको कसुर गरेको स-प्रमाण पुष्टि हुन आएको देखिंदा निज प्रतिबादीहरू कटुवाचौपारी गुणस्तरीय खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष नारायण शर्मा लामिछाने, सचिव सुरेश बहादुर पी.सी र कोषाध्यक्ष दिवाकर शर्मा लामिछानेलाई बिगो रू.५,२०,९८१।६० (पाँच लाख बीस हजार नौ सय एकासी रूपैयाँ साठी पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा(४) बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता